Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

**मिति : २०७७ जेष्ठ १३**

**बन्दाबन्दीको २ महिनाको समयावधिमा ४६५ जना महिला तथा बालिकामाथि हिंसा**

**पृष्ठभुमि**

बन्दाबन्दीको २ महिनाको समयावधिमा [१] ३७ वटा जिल्लाहरुमा[२] ४६५ जना महिला तथा बालिकामाथि विभिन्न प्रकारको हिंसा भएको पाईएको छ । यस हप्तामा मात्र ६६ जना महिला तथा बालिकामाथि भएको हिंसाका घटना अभिलेखिकरण भएका छन् ।

महिला पुनर्स्थापना केन्द्र (ओरेक) द्वारा सञ्चालन गरिएको ३ वटा हटलाईन, मनोविमर्शकर्ता, महिला मानव अधिकार रक्षक, साझेदार महिला सामुदायीक संघसंसस्थाहरुबाट, यी घटनाहरु अभिलेखिकरण गरिएको छ । यी मध्ये ३९ वटा घटनाहरु सञ्चार माध्यमबाट संकलन गरिएका छन् ।

यस बन्दावन्दीको समयमा अभिलेखीकरण भएका घटनाहरु मध्ये सबै भन्दा बढी २९३ जना महिलाहरुमाथि घरेलु हिंसा भएको पाइएको छ भने, संकलन भएका घटनाहरु मध्ये ३९ वटा सामाजिक हिसाका घटनाहरु रहेका छन् । सामाजिक हिंसाका घटनाहरुलाई हेर्दा ११ वटा बाल प्रेम विवाह, ५ जना बालिका तथा किशोरीहरुलाई आफ्नै परिवारका सदस्यहरुबाट कम उमेरमा जवरजस्ती विवाह गर्नको लागि बाध्य बनाइएको पाइएको छ । यसैगरी आफुबस्ने समाज र समुदायका व्यक्तिहरुबाट महिलाको चरित्रलाई हतियार बनाएर मानसिक हिंसा दिएको ११ वटा घटनाहरु अभिलेखन भएको छ । यी घटनालाई हेर्दा धेरै जसो विवाहित महिला जसको श्रीमान कामको शिलशिलामा बाहिर रहेका छन्, एकल महिलाहरु, पारपाचुके गरेर छुट्टै बसेका महिलाहरु जो कामको शिलशिलामा कुनै पुरुषसंग बोल्दा वा हिंड्दा मात्रै पनि समाज तथा समुदायका व्यक्तिहरुबाट विभिन्न किसिमका लाञ्छना लगाउने र चरित्रहत्या गर्ने गरेको पाइएको छ । यसरी नै ७ जना महिलालाई बोक्सीको आरोपमा शारीरिक तथा मानसिक यातना दिएका घटनाहरु यस अवधिमा संकलन भएका छन् ।

यसैगरी ६२ वटा बलात्कार, १५ वटा बलात्कारको प्रयास, १६ वटा यौन दुर्व्यवहार, ६ वटा हत्या, २ वटा हत्या वा आत्महत्या अनुसन्धानको क्रममा रहेको, १६ वटा आत्महत्या, २ वटा आत्महत्याको प्रयास, २ वटा हत्याको प्रयासका घटना, २ वटा मानव बेचविखन र १० वटा साइवर अपराधसँग सम्बन्धीत रहेका छन् । घटनामा संलग्न पीडकहरुमा २२३ जना श्रीमान्, ८९ जना परिवारका सदस्यहरु, ९२ जना छिमेकी, २० जना प्रेमी ठानिएका व्यक्ति, ९ जना साथी, ४ जना घरमालिक, २ जना शिक्षक रहेका छन् भने ४३ जना पीडकको पहिचान खुल्न बाँकि रहेको छ ।

यस अवधिमा संकलन भएका ६८ वटा बलात्कारका घटनाहरु मध्ये ४ वटा सामुहिक बलात्कार र ४ वटा बैवाहिक बलात्कारको घटना रहेको छ । बलात्कारका घटना भने ४ वटा श्रीमानबाट, ३९ वटा छिमेकीबाट, २ वटा बुवावाट, १ वटा आफ्नै दाजुबाट, २ वटा परिवारका सदस्यवाट र ७ वटा प्रेमी ठानिएका व्यक्तिवाट भएको पाइएको छ भने २२ वटा घटना

[१] बन्दाबन्दी शुरु भएदेखि (मिति २०७६ चैत्र ११ देखि २०७७ जेष्ठ २ गतेसम्म)

[२] धनुषाबाट ४७, मोरङ्गबाट ६६, रुकुमबाट ९, कैलालीबाट ५०, कञ्चनपुरबाट २, दाङ्गबाट २५, काठमाण्डौंबाट १२, भक्तपुरबाट १, बर्दियाबाट १२, सिरहाबाट ५२, सप्तरीबाट २? सर्लाहीबाट २, उदयपुरबाट ३३, सुनसरीबाट २४, बाँकेबाट २, स्याङ्गजाबाट २, बाग्लुङ्गबाट १, महोत्तरी ११, रौतहट ५, र पर्साबाट २, तेह्थुमबाट १, धनकुटा १, ओखलढुंगाबाट ५४, सोलुखुम्बूवाट ८, गुल्मीबाट २, सिन्धुलीबाट २, धादिङ्गबाट ११ बभाङ्ग १५, गोर्खाबाट १, लम्जुङ्गबाट १, हुम्लाबाट १, कलिवस्तुबाट २,सल्यान १, चितवनबाट १, कास्की १, बारा १, संखुवासभावाट २ लगायतका जिल्लाबाट अभिलेखिकरण भएका हुन् ।

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

पहिचान नखुलेको व्यक्तिबाट भएको पाईएको छ।

हिंसा प्रभावितहरुको उमेर समूहलाई हेर्दा सबैभन्दा बढी १३६ जना २६ देखि ३५ वर्ष उमेर समूहका महिलाहरु हिंसाबाट प्रभावित भएको पाईएको छ। यस्तैगरी १७ देखि २५ बर्ष उमेर समूहका १२९ जना, ३६ देखि ४५ बर्ष उमेर समूहका ७० जना, ४६ बर्षभन्दा माथिका उमेर समूहका ५६ जना महिलाहरु विभिन्न प्रकारका हिंसाबाट प्रभावित रहेका छन्। १६ बर्षभन्दा कम उमेरका ६४ जना बालिकाहरु हिंसाबाट प्रभावित भएका छन् भने उमेर समूह थाहा नभएका १० जना हिंसाबाट प्रभावित भएका छन्।

यस्तै, हिंसामा संलग्न आरोपित व्यक्तिहरुको उमेरको आधारमा हेर्दा सबैभन्दा धेरै २६ देखि ३५ वर्ष उमेर समुहका १४९ जना युवाहरु रहेका छन्। यसैगरी १२६ जना ३६ देखि ४५ बर्ष उमेर समुहका, ९५ जना १७ देखि २५ वर्ष उमेर समुहका यवाहरु रहेका छन् र ५८ जना ४६ बर्षभन्दा माथि उमेर समूहका पुरुषहरु रहेका छन्। साथै उमेर समुह थाहा नभएका पुरुषहरु ५२ जना र २ जना १६ वर्ष भन्दा कम उमेरका युवाहरु हिंसामा संलग्न भएको पाइएको छ।

संस्थामा अभिलेखिकरण भएका घटनाहरुमध्ये २२९ जना प्रहरीमा उजुरी दर्ताका लागि गएको, ४८ जना मेलमिलाप समितीमा गएको, ६२ जना हिंसा सहन नसकेर आमाबुवाको घर/ आफन्तकोमा गएर बसिरहेका छन्।

*संस्थासँग आबद्ध मनोविमर्शकर्ताले फोन र सामाजिक दुरी कायम गरी व्यक्तिगत भेटघाटका माध्यमबाट कोभिड-१९ को त्रासका कारण उत्पन्न मनोसामाजिक समस्याबाट प्रभावित ३४४ र ३९३ हिंसा प्रभावित/ प्रभावितको परिवारका सदस्य गरी जम्मा ७३७ जनालाई यस अवधिमा मनोसामाजिक परामर्श प्रदान गरिएको छ।*

धन्यवाद।

लुभराज न्यौपाने
कार्यकारी निर्देशक

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org